आज मिति २०८० बैसाख १२ गते सोमबारको दिन दार्मा गाउँपालिका आ.व. २०७९/८० को १७ औं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो।

**तपसिल**

| | |
|---|---|
| श्री निम बहादुर के.सी. | अध्यक्ष |
| श्री जुना मल्ल चन्द | उपाध्यक्ष |
| श्री रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत |
| श्री टंक बहादुर वली | सदस्य |
| श्री सार्की खत्री | सदस्य |
| श्री पोखर बहादुर खत्री | सदस्य |
| श्री चन्द्र बहादुर रावत | सदस्य |
| श्री सुदिप के.सी. | सदस्य |
| श्री देवी खत्री | सदस्य |
| श्री धनिराम नेपाली | सदस्य |
| श्री लाल बहादुर सुनार | सदस्य |
| श्री रुपा चन्द मल्ल | सदस्य |
| श्री रेवती कुमारी कामी | सदस्य |
| श्री पुष्पाञ्जली मगर | सदस्य |
| श्री हिरा खड्का | सदस्य |
| श्री हेमन्त थापा | का.स. |

प्रस्तावहरू

१. व्याडमिन्टन कभर्भहल उदघाटन सम्बन्धमा ।

२. सडक बोर्डसँग साझेदारी सम्बन्धमा ।

३. प्रेस सेन्टर नेपालको साधारण सभामा सहयोग सम्बन्धमा ।

४. अक्सिजन कन्सनट्रेटर उपलब्ध गराउने सम्बन्धमा ।

५. एक स्थानीय तह एक पशुवस्तु उत्पादन कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

६. विविध

निर्णय नं. १

यहि मिति २०८० साल जेठ १५ गते गणतन्त्र दिवसको अवसरमा दार्मा ३ फारुलाचौरको व्याडमिन्टन कभर्डहल उदघाटन कार्यक्रममा व्याडमिन्टन कर्क, जाली, व्याट लगायतका सामाग्रि गाउँपालिकाले उपलब्ध गराउने र प्रमाणपत्र, व्यानर तथा स्टेशनरी लगायतको सामाग्रिको भुक्तानी गर्ने

निर्णय नं २

चालु आ.व. मा सडक बोर्डसँगको साझेदारीमा कार्यन्वयन गर्ने योजनाको लागि तपसिलको आयोजना छनौट गर्ने ।

| सि.नं | आयोजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | बाङ्गेलाखुरी-बागखोर- फारुला सडक मर्मत | १५८७००० | |
| २ | फारुला सिलिङ्गी सडक मर्मत | १०००००० | |

निर्णय नं ३

प्रेस सेन्टर नेपालको साधारण सभामा जाने सल्यान दार्माका पत्रकार प्रकाश शर्मा लगायतको समुहलाई ४० लिटर डिजेल उपलब्ध गराउने ।

निर्णय नं ४

दार्मा गाउँपालिका वडा नं ४ को यज्ञ बहादुर सार्की भिरबाट लडेर ढाड भाँचिएको र विभिन्न अस्पतालहरुमा उपचार हुन नसकी हाल घरमा राखिराखेको र अक्सिजन लगाईरहुनपर्ने भएकोले दार्मा गाउँपालिकामा रहेको अक्सिजन कन्सन्ट्रेटर उपलब्ध गराउने ।

निर्णय नं ५

पशु अस्पताल सल्यान तथा पशु सेवा कार्यालय सल्यान सँगको साझेदारीमा एक स्थानीय तह एक पशुवस्तु उत्पादन कार्यक्रम संचालनको लागि दार्मा गाउँपालिका वडा नं १ स्थित ढाँकीबारा झुलेली टोललाई छनौट गर्ने ।

गाउँपालिका
गाउँपालिकाको कार्यालय
२०७३

निम बहादुर के.सी.
अध्यक्ष

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत